नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३११

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०७९/३/१० गते।

## प्रेस विज्ञप्ती- १०७

नेपालमा पछिल्लो समय अबैध ऋण लगानी (मिटर व्याज) गरी दिएको रकमको धेरै गुणा रकम तिरिसक्दा समेत तमसुक, चेक वा दृष्टीबन्धक जग्गा फिर्ता नदिई उठीवास गराउने गरेको, वैदेशिक रोजगारीको प्रलोभन, फोन, मेल र सामाजिक संजालको दुरुपयोग गरी वा सामाजिक संजालमा साथी बनाई चिठ्ठा ठगी, उपहारका नाममा ठगी, सस्तो मुल्यमा सामान पठाई दिने भनि ठगी, विदेशी नागरीकहरुको आवरणमा आकर्षक गन्तव्यमा पठाई दिने, बिहे गर्ने, व्यापारीक साझेदार बनाउने वा सामाज सेवाका नाममा डलरले भरिएका बाक्सका फोटोहरु देखाई एवं झुठा श्रव्य दृष्य सामग्रीहरु समेत पठाई भ्रममा पारी ठगी गर्ने, नजिकका व्यक्ती बनी आकस्मिक रुपमा फोनका माध्यमवाट पैसा मागि ठगी गर्ने, मोबाइल बैंकिङका पासवर्ड र बैंकका विवरणहरु मागी रकम झिक्ने, सामाजिक संजालमा Video Call गरी अश्लिल फोटो तथा Video लिई अपलोड गरिदिने धम्कि दिई आपराधिक लाभ लिने, नेपालीहरुको बैंक खातामा अबैध रकम जम्मा गर्न लगाई हुण्डी मार्फत विदेशमा पठाउन लगाउने वा नचिनेका व्यक्तिहरुलाई पैसा दिन लगाई आपराधिक कार्यमा संलग्न गराउने, नेपालमा प्रतिबन्धित Virtual Currency/Cryptocurrency, Digital Networking Business र Online Betting आदिवाट धेरै गुणा प्रतिफल दिनेभनि प्रलोभनमा पारी ठगी गर्ने लगायतका सम्बन्धमा प्रहरी कार्यालयहरुमा निरन्तर उजूरीहरु प्राप्त हुने गरेकोले आफन्तजनहरु समेतमा यस्ता अवांच्छित कार्यहरुका सम्बन्धमा सचेतना बढाई सजगता अपनाउन र यस्ता ठगीजन्य कार्यहरुवाट बच्न हुन सम्पूर्ण महानुभावहरुमा जानकारी गराईन्छ।

सोही सन्दर्भमा, जाहेरी प्राप्त भएको अवस्थामा नेपाल प्रहरीद्वारा कसूरदारहरुलाई अनुसन्धान गरी कानून बमोजिम कडाईका साथ कारवाही भईरहेको स्मरण गराउँदै पीडितहरु द्वारा काठमाडौं लगायतका विभिन्न स्थानहरुमा पटक-पटक धर्ना, जुलुस लगायतका विरोधका कार्यक्रमहरु आयोजना गरी शान्ति सुरक्षा समेतमा प्रतिकूल असर पर्ने भएकोले नेपाल प्रहरी प्रधान कार्यालय एवं केन्द्रिय अनुसन्धान ब्यूरो समेतको ध्यानाकर्षण भएको र मिति २०७९।०३।०९ गते जि. नवलपरासी (ब.सु.पश्चिम) प्रतापपुर गा.पा.-०९, बेलाटारी बस्ने वर्ष ५६ का सुनिल बानिया भन्ने सुनिल कुमार गुप्ता र ऐ.ऐ. बस्ने वर्ष ६५ का जगदिश बानिया भन्ने जगदिश कानु समेतलाई कानून बमोजिम नियन्त्रणमा लिई अनुसन्धान कार्य जारी रहेको एवं केन्द्रिय अनुसन्धान ब्यूरोले अनुसन्धान गर्ने प्रहरी कार्यालयहरुलाई आवश्यकतानुसार सहयोग समेत गरिरहेको जानकारी गराउदै यस्ता कसूरमा संलग्न व्यक्तीहरुलाई कानून बमोजिम कारवाही गराउनका निमित्त कोही व्यक्ती पीडित भए आधार प्रमाण सहित नजिकका प्रहरी कार्यालयहरुमा सम्पर्क गर्नु हुन समेत अनुरोध गरिएको छ।

उप निर्देशक
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११